CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजमहिमा

['नेपालसंस्कृतसंग्रहः' (पृ.१५९-१६२) मा उल्लिखित 'राजगुणानुवर्णनम्' यस पाठको भावानुवाद]

अनुवादक

डा. दुर्गादत्तशर्मा उपाध्याय

प्राध्यापक

वाल्मीकि विद्यापीठ

भृकुटीमण्डप, प्रदर्शनीमार्ग, काठमाडौं

शिवरात्रि महोत्सव

२०५९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वद्वर्याय उपप्रा. नवराजकैट्टेलमहोदयाय
सस्नेहं समर्पयति। -
प्रा० डा० दुर्गादत्तशर्मा
उपाध्यायः
०५९/१२/१२

राजमहिमा

['नेपालसंस्कृतसंग्रहः' (पृ.१५९-१६२) मा उल्लिखित 'राजगुणानुवर्णनम्' यस पाठको भावानुवाद]

अनुवादक

डा. दुर्गादत्तशर्मा उपाध्याय

प्राध्यापक

वाल्मीकि विद्यापीठ

भृकुटीमण्डप, प्रदर्शनीमार्ग, काठमाडौं

शिवरात्रि महोत्सव

२०५९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवादलेखक तथा प्रकाशक- डा. दुर्गादत्तशर्मा उपाध्याय
प्राध्यापक वाल्मीकि विद्यापीठ
फोन नं. ४१८७२४, काठमाण्डू
०५६-२३७८१ चितवन ।

प्रकाशन समय- २०५८ शिवरात्रिमहोत्सवः

प्रकाशित प्रति- १०००

मूल्य- १५ रूपैयाँ

मुद्रक- लुष प्रेस वानेश्वर, काठमाडौं
फोन/फ्याक्स : ४७२५८६

टङ्कणकर्ता- समीर मुखिया (सुनुवार)
सुन्दर पाण्डेय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो 'राजमहिमा' नामक पुस्तिका सवा दुई करोड नेपालीका आस्थाकेन्द्र श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारका जुनाफमा सादर सभक्ति समर्पण गर्दछु ।

डा. दुर्गादत्तशर्मा उपाध्याय
प्राध्यापक
वाल्मीकि विद्यापीठ
प्रदर्शनीमार्ग भृकुटीमण्डप, काठमाण्डू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Dr. Swami Prapannacharya
Member, Raj Parishad Standing Committee
Phone : 225578 (O), 471528 (R)
Fax : 226982
Mrigasthali, Kathmandu, Nepal.

Date :

डा. स्वामी प्रपन्नाचार्य
सदस्य, राजपरिषद् स्थायी समिति
फोन : २२५५७८ (का), ४७१५२८ (नि.)
फ्याक्स : २२६९८२
मृगस्थली, काठमाडौं, नेपाल

मिति : १५।११।२०५८

मन्तव्य

राजसंस्थाको इतिहास लाखौं वर्ष पुरानो हो । यो इतिहास सर्घा(आकाश)मा घाम जत्तिकै टड्कारो छ । प्रजाले चुनेका राजा र राजसंस्थाको महिमा प्राचीन इतिहासमा अक्षरशः लेखिएका छन् । आजभन्दा पाँच हजार वर्ष पूर्व महाभारतकालदेखि यो एक्काइसौं शताब्दीको रफ्तारसम्म नेपालको राजसंस्था अक्षुण्णरूपमा प्रजावत्सल भएर बसेको इतिहासले बिर्सेको छैन र बिर्सिनु हुँदैन ।

राजा राजसंस्था नभए आपसमा प्रजा गोठाला नभएको पशु जस्तै हुनेछन् र एकले अर्कामाथि अन्याय गर्नेछन् । राजभय र राजदण्डले मात्र प्रजा आपसमा मिलेर बस्छन् । त्यसैले राजसंस्था अपरिहार्य भएको हुनाले 'राजगुणानुवर्णनम्'मा राजसंस्थाको महिमा वर्णन गरेको हो ।

प्रस्तुत प्रसङ्गमा राजमहिमा (राजगुणानुवर्णनम् को अनुवादात्मक लघुपुस्तिका)का लेखक प्रा.डा. दुर्गादत्त पौडेलजीले राजभक्तिमा आप्लावित भएर नेपाली पद्यानुवाद गर्नुभएको अनुवाद र मूललाई सरसर्ती हेर्ने अवसर पाएर सानो मन्तव्य लेखेको छु । अनुवाद-लेखक महोदय आफ्नो कृत्यमा सफल हुनुभएको छ । यसमा सन्देह छैन । उहाँ धन्यवादका पात्र हुनुहुन्छ ।

डा. स्वामी प्रपन्नाचार्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डा. शास्त्र दत्त पन्त
Dr Shastra D. Pant

Ph. (01) 35108/352717
Fax : 352883
E-mail : shastra@wlink.com.np

मन्तव्य

श्री प्रा. डा. दुर्गादत्तशर्माद्वारा 'राजगुणानुवर्णनम्'को नेपाली भावानुवाद 'राजमहिमा' नामक पुस्तिका पढ्ने सौभाग्य पाएँ ।

आज देशमा नवयुवाको नैतिकता ह्रासोन्मुख छ, अवाञ्छित चरित्र बढेको छ, अनुशासन घट्दो छ । अपाच्य रूपमा बढ्दो विदेशी प्रभावले, असामाजिक तत्वको बिगबिगीले शान्ति नै भंग भएको यस क्षणमा प्रकाशन गर्न लागिएको यो पुस्तक समयसापेक्ष छ ।

भ्रष्टाचार, अशान्ति, अव्यवस्था र कुशासनले सिंगो राष्ट्र आक्रान्त भएको यस घडीमा पूर्वीय दर्शनमा आधारित यस पुस्तकले निसर्गतः राजभक्तिसम्पन्न नेपाली समाजमा राजसंस्थाको अपरिहार्य महत्त्वको उर्जा थप्न सघाउ पुग्ने छ तथा आम जनतामा विचार परिवर्तन गराउन यो पुस्तिका सक्षम हुने छ भन्ने मैले विश्वास राखेको छु । लेखक धन्यवादका पात्र हुनुहुन्छ ।

डा. शास्त्रदत्त पन्त
काठमाडौं, सामाखुशी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राक्कथन

हिन्दू संस्कृतिमा राजाको महत्त्वपूर्ण स्थान छ, गहीरो आस्था छ । संस्कृतभाषामा राजालाई नरदेव अथवा देव भनिन्छ । धर्मशास्त्रमा राजालाई इन्द्र आदि लोकपालहरूको अंश लिएर जन्मेका मनुष्यको रूपमा ठूला देवता मानिएको छ ।

'महती देवता ह्येषा नररूपेण तिष्ठति' मनुस्मृति- ७।७

श्रीमद् भगवद्गीतामा आफ्नो विभूति वर्णन गर्ने प्रसङ्गमा कृष्णजी भन्नुहुन्छ-'नराणां च नराधिपः' मनुष्यमा म राजा हूँ ।

पुराणमा 'नाविष्णुः पृथिवीपतिः' 'विष्णुको अंश न भै राजा हुन सक्दैनन्' भनिएको छ ।

यसरी हिन्दू संस्कृतिमा राजालाई ठूला देवताको स्वरूप अथवा साक्षात् विष्णुको स्वरूप मानिएको छ । अतः हिन्दूहरू राजालाई विष्णुको अवतार मान्दछन्, त्यसमा पनि नेपाली जनमानसमा यो भावना टड्कारो रूपमा देखिन्छ । अत एव नेपालीहरूले बडादशैंमा राजाका हातबाट टीका लगाएर आशीर्वाद लिने परम्परा चलेको हो । राजामा दिव्यशक्ति अन्तर्निहित हुन्छ । राजाको आशीर्वाद विफल हुँदैन भन्ने नेपालीहरूको धारणा छ । यसरी समग्र नेपालीको हृदय श्री ५ महाराजाधिराजप्रति श्रद्धा विश्वास र भक्तिको भावनाले ओतप्रोत छ ।

त्यस्तै यहाँ राजाको पनि जनताप्रति असीम अगाध स्नेह छ र राजाले जनताको आकाङ्क्षा अनुरूप शासनव्यवस्था चलाउँदै आएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिन्छ । जब जब राज्यमा विषम परिस्थिति खडा हुन्छ, तब राजाबाट नै सशक्त कदम चालिएको कुरा पनि इतिहासले बताउँछ ।

अहिले माओवादीबाट चलाइएको भयङ्कर युद्धको आतङ्क र राज्यप्रशासनमा भित्रभित्रै तीवरूपमा फैलिएको भ्रष्टाचारको आतङ्क यी दुवै आतङ्कले सिङ्गो नेपाल नै जर्जर अवस्थामा पुगेको र 'यस्तो विषम परिस्थितिमा राहत दिन सक्ने राजा बाहेक अरू कोही छैन' भन्ने आम जनताको धारणालाई महसुस गरी राजाबाट २०५८।६।१८ मा उद्घोषित शाही घोषणाद्वार । जनताको मनोभावना अनुरूप नै सशक्त कदम चालिएको हो भन्ने कुरा सर्वविदित छ र सो घोषणालाई जनताले राजाका वरदवाहुलीवाट बक्स भएको अभयदान जस्तै सम्झी सहर्ष स्वागत गरेका छन्, शिरोपर गरेका छन् । बुद्धिजीवी वर्गबाट पनि त्यसको औचित्य र आवश्यकताबारे व्याख्यान भइसकेको छ ।

अतः यस समयमा दलीय सङ्घीय जातीय आदि साम्प्रदायिक भेद भावना हटाएर राष्ट्रिय सहमति कायम गरी राजालाई सहयोग गर्नु सबै नेपालीको परम कर्तव्य हुन आएको छ । यसै अवसरमा समयसापेक्ष रूपमा प्रस्तुत हुन आएको यो सानो रचना हो । सानो भएपनि यसले सबै नेपाली जनताको मानसमा स्वच्छ राजभक्तिको ऊर्जा प्रदान गर्न सकोस् यही शुभकामना व्यक्त गर्दछु ।

अन्तमा यस पुस्तकको प्रकाशनमा सहयोग प्रदान गर्नुहुने लुष प्रेसका व्यवस्थापक गुहनाथ पौडेल एवं टङ्कणकर्ता समीर सुनुवार र सुन्दर पाण्डेयलगायत सबै कर्मचारीहरूमा धन्यवाद प्रदान गर्दछु ।

डा. दुर्गादत्तशर्मा
प्रा. वाल्मीकि विद्यापीठ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजमहिमा

[नेपालसंस्कृतसङ्ग्रह : (पृष्ठ १५९-१६२) मा उल्लिखित 'राजगुणानुवर्णनम्' यस पाठको भावानुवाद]

(मूल) युधिष्ठिर उवाच-
किमाहुर्दैवतं विप्रा राजानं भरतर्षभ ।
मनुष्याणामधिपतिं तन्मे ब्रूहि पितामह ।।१।।

(अनुवाद) भीष्मसँग युधिष्ठिरको प्रश्न-
जननायक राजा नै देवता हुन् भनीकन ।
विद्वान्, ब्राह्मण यो भन्छन् किन भन्नोस्
पितामह ।।१।।

(मूल) भीष्म उवाच-
अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ।
बृहस्पतिं वसुमना यथा पप्रच्छ भारत ।।२।।

(अनुवाद) भीष्मपितामहको उत्तर-
भनिन्छ यसमा यौटा इतिहास पुरातन ।
सोधे वसुमनाले जो बृहस्पति गुरूसँग ।।२।।

(मूल) राजा वसुमना नाम कौशल्यो धीमतांवरः ।
महर्षिं किल पप्रच्छ कृतप्रज्ञं बृहस्पतिम् ।।३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अनुवाद) राजा कोशलका एक धीमान् वसुमना थिए ।
उनले गुरुका साथ एकदा प्रश्न यो गरे ।।३।।

(मूल) बृहस्पतिं प्रति वसुमनसः प्रश्नः-
कर्मवन्तः कथं प्राज्ञ सुखमव्ययमाप्नुयुः ।
एतन्मे शंस देवर्षे धर्मकामार्थसंशयम् ।।४।।

(अनुवाद) बृहस्पतिसँग वसुमनाको प्रश्न-
कर्मवान् कसरी कर्मफल अक्षय पाउँछ ।
धर्मकामार्थमा पाई कसको मुख्य आश्रय ।।
देवर्षे गर्नुहोस् मेरो यो सन्देह निवारण ।।४।।

(मूल) एवं पृष्टो महाप्राज्ञः कौशल्येनामितौजसा ।
राजसत्कारमव्यग्रो राज्यस्य च विवर्धनम् ।
दण्डनीतिं समाश्रित्य शशंसास्मै बृहस्पतिः ।।५।।

(अनुवाद) कौशल्यले सोधिएका नीतिबेत्ता महामति ।
राजगौरव कस्तो छ राज्यश्री वृद्धिकारण ।
के कस्ता नीति छन् सोची सावधान बनीकन ।
दण्डनीति नियालेर भन्दछन् ती बृहस्पति ।।५।।

(मूल) बृहस्पतेरुत्तरम् (राज्ञो धर्मार्थकामरक्षा)-
राजमूलो महाप्राज्ञ धर्मो लोकस्य लक्ष्यते ।
प्रजा राजभयादेव न खादन्ति परस्परम् ।।६।।

(अनुवाद) बृहस्पतिको उत्तर :- (राजाबाट धर्म, अर्थ र कामको रक्षा)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकमा धर्मका मूल देखिन्छन् हेर पार्थिव ।
परस्पर सताइन्नन् राजाकै भयले प्रजा ।।६।।

(मूल) राजा ह्येवाखिलं लोकं समुदीर्ण समुत्सुकम् ।
प्रसादयति धर्मेण प्रसाद्य च विराजते ।।७।।

(अनुवाद) कर्मप्रवृत्त उत्कण्ठ लोकलाई स्वधर्मले ।
राजी-खुसी बनाएर राजा हुन्छन् सुहाउने ।।७।।

(मूल) यथा ह्यनुदये राजन्भूतानि शशिसूर्ययोः ।
अन्धे तमसि मज्जेयुरपश्यन्तः परस्परम् ।।८।।
(तथैव राजन्यसति प्रजाः सर्वाः समन्ततः ।)
अन्धे तमसि मज्जेयुरगोपाः पशवो यथा ।।९।।

(अनुवाद) न उदाए सूर्य चन्द्र अँध्यारा दिन रातमा ।
आत्तिएलान् सबै प्राणी त्यस्तै राजा बिना प्रजा ।।८।।
गोपालहीन पशुझैँ विशृङ्खलित भैकन ।
अन्योलमा परी डुब्लान् विपत्को अन्धकारमा ।।९।।

(मूल) हरेयुर्बलवन्तोऽतिदुर्बलानां परिग्रहान् ।
हन्युर्न्यायच्छमानांश्च यदि राजा न पालयेत् ।।१०।।

(अनुवाद) परिवार पनि हर्लान् दुब्लाको बलिया जन ।
ठग्नन् परिश्रमीलाई न भए नृपपालन ।।१०।।

(मूल) ममेदमिति लोकेस्मिन्नभवेत्स्वपरिग्रहः ।
न दारा न च पुत्रः स्यान्न धनं न परिग्रहः ।।
विष्वग्लोपःप्रवर्तेत यदि राजा न पालयेत् ।।११।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अनुवाद) यो मेरो चीज हो भन्न पाउने छैन क्वै जन ।
आफ्ना अधीन होवैनन् स्वास्नी छोरा अनि धन ।
लुच्च्याइँ बढ्दै जानेछ न भए राजरक्षण ।।११।।

(मूल) मातरं पितरं वृद्धमाचार्यमतिथिं गुरुम् ।
क्लिश्नीयुरपि हिंस्युर्वा यदि राजा न पालयेत् ।।१२।।

(अनुवाद) आमा बाबु गुरू बृद्ध पाहुनालाई मानिस ।
दुःख देलान् तथा मार्लान् राजाको न भए डर ।।१२।।

(मूल) न यज्ञाः संप्रवर्तेरन् विधिवत्स्वाप्तदक्षिणाः ।
न विवाहः समाजो वा यदि राजा न पालयेत् ।।१३।।

(अनुवाद) होवैनन् ती कुनै यज्ञ विधिवत् दक्षिणासँग ।
विवाह पनि होवैन समाज कसरी तव ।।१३।।

(मूल) ब्राह्मणाश्चतुरो वेदान्नाधीयीरँस्तपस्विनः ।
विद्यास्नाता व्रतस्नाता यदि राजा न पालयेत् ।।१४।।

(अनुवाद) बाहुन् वेद कहाँ पढ्लान् तपस्यामा रहीकन ।
विद्यास्नात व्रतस्नात हुने छैनन् कुनै जन ।।१४।।

(मूल) न भवेद्धर्मसंसेवी मोहविप्रहतो जनः ।
हर्ता स्वच्छन्दतो गच्छेद्यदि राजा न पालयेत् ।।१५।।

(अनुवाद) को धार्मिक यहाँ होला मोहग्रस्त समाजमा ।
चोर निर्भय भै हिँड्लान् दण्डको न भए डर ।।१५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(मूल) अनयाः संप्रवर्तेरन् भवेद्वै वर्णसङ्करः ।
दुर्भिक्षमाविशेद्राष्ट्रं यदि राजा नपालयेत् ।।१६।।

(अनुवाद) प्रवृत्त होला अन्याय जन्मलान् वर्णसङ्कर ।
अनिकाल सधैँ होला न भए राजरक्षण ।।१६।।

(मूल) विवृत्य हि यथाकामं गृहद्वाराणि शेरते ।
मनुष्या रक्षिता राज्ञा समन्तादकुतोभयाः ।।१७।।

(अनुवाद) राजरक्षित यी सारा जनता भइ निर्भय ।
यथेच्छ सुत्दछन् ढोका खोली आनन्दसाथमा ।।१७।।

(मूल) स्त्रियश्चापुरुषा मार्गे सर्वालङ्कारभूषिताः ।
निर्भयाः प्रतिपद्यन्ते यदि रक्षति भूमिपः ।।१८।।

(अनुवाद) गहना कपडा पैह्री अकेली महिला पनि ।
निर्भीक हिँड्दछन् पाई राजाबाट सुरक्षण ।।१८।।

(मूल) यस्याभावेन भूतानामभावः स्यात्समन्ततः ।।
भावे च भावो नित्यं स्यात्कस्तं न प्रतिपूजयेत् ।।१९।।

(अनुवाद) अभावमा छ जसको चारैतिर अभाव त्यो ।
जो हुँदामा सबै हुन्छ मान्दैन उसलाई को ।।१९।।

(मूल) वाङ्मनः कर्मभी राजा समादरणीयः-
यस्तस्य पुरुषः पापं मनसाऽप्यनुचिन्तयेत् ।
असंशयमिह क्लिष्टं प्रेत्यापि नरकं व्रजेत् ।।२०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अनुवाद) राजाको मनसा वाचा कर्मणा आदर गर्नुपर्दछः-
राजाको जसले पाप मनभित्र चिताउँछ ।
यहाँ त्यो दुःख पाएर परत्र नर्क पर्दछ ।।२०।।

(मूल) न हि जात्ववमन्तब्यो मनुष्य इति भूमिपः ।
महती देवता ह्येषा नररूपेण तिष्ठति ।।२१।।

(अनुवाद) कहिल्यै नगरे हेला राजा मानिस हुन् भनी ।
मनुष्यरूपमा ठूला देवता छन् त्यहाँ बुझ ।।२१।।

(मूल) नास्यापवादे स्यातब्यं दक्षेणाक्लिष्टकर्मणा ।
धर्ममाकाङ्क्षता लोके ईश्वरस्यानसूयता ।।२२।।

(अनुवाद) पवित्रकर्मा निपुण ईशभक्त र धार्मिक ।
हूँ म भन्छौ भने कैल्यै निन्दा नगर भूपको ।।२२।।

(मूल) न हि राज्ञः प्रतीपानि कुर्वन्सुखमवाप्नुयात् ।
पुत्रो भ्राता वयस्यो वा यद्यप्यात्मसमो भवेत् ।।२३।।

(अनुवाद) छोरा होस् भाइ होस् आफू तुल्य नै मित्र होस् तर ।
प्रतिकूल छ राजाको भने पाउन्न त्यो सुख ।।२३।।

(मूल) कुर्यात्कृष्णगतिः शेषं ज्वलितोऽनिलसारथिः ।
न तु राज्ञाभिपन्नस्य शेषं क्वचन विद्यते ।।२४।।

(अनुवाद) सामान्य आगलागीमा खरानी शेष बन्दछ ।
राजाग्नि त विरोधीको निःशेष गरिछाड्दछ ।।२४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(मूल) राजस्वसुरक्षणम्-
तस्य सर्वाणि रक्ष्याणि दूरतः परिवर्जयेत् ।
मृत्योरपि जुगुप्सेत राजस्वहरणान्नरः ।।२५।।

(अनुवाद) राजस्वको सुरक्षा-
दूरबाट पनि कोही न छोओस् रक्ष्य सम्पदा ।
डरोस् सम्झेर कालै झैं राजस्व मतिमान् सदा ।।२५।।

(मूल) राजभक्तेर्गरिमा-
राजा प्रगल्भं पुरूषं करोति
राजा भृशं बृंहयते मनुष्यम् ।
राजाभिपन्नस्य कुतः सुखानि
राजाभ्युपेतं सुखिनः करोति ।।२६।।

(अनुवाद) राजभक्तिको गरिमाः-
प्रगल्भ होला बुझ्न राजभक्त
बढाउँछन् सेवकमान पार्थिव ।
विरोधीलाई कुन सौख्य होला
सुभक्तलाई किन दुःख होला ।।२६।।

(मूल) राजा प्रजानां हृदयं गरीयो ।
गतिः प्रतिष्ठा सुखमुत्तमं च ।
समाश्रिता लोकमिमं परं च
जयन्ति सम्यक् पुरूषा नरेन्द्रम् ।।२७।।

(अनुवाद) राजा प्रजाको दरिलो मुटु हुन्
गति प्रतिष्ठा सुख सम्पदा हुन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजाश्रयी ऐहिक पारलौकिक
सुल्झाउँछन् काम सबै यथार्थतः ।।२७।।

(मूल) राज्ञः कर्तव्यम्-
नराधिपश्चाप्यनुशिष्य मेदिनीं
दमेन सत्वेन च सौहृदेन ।
महद्भिरिष्ट्वा क्रतुभिर्महायशा-
स्त्रिविष्टपे स्थानमुपैति शाश्वतम् ।।२८।।

(अनुवाद) राजाको कर्तव्य-
औचित्यले दण्ड-पुरस्क्रियाको
विधानका साथ गरी सुशासन ।
गरी महायज्ञहरू सुकीर्तिमान्
राजा उही शाश्वत धाम पाउँछन् ।।२८।।

(मूल) भीष्म उवाच-
स एवमुक्तोऽङ्गिरसा कौशल्यो राजसत्तमः ।
प्रयत्नात् कृतवान् वीरः प्रजापालनमुत्तमम् ।।२९।।

(अनुवाद) भीष्म भन्नुहुन्छ-
यस्तो अर्ती गुरूबाट पाई कोशलभूमिप
गर्थे प्रयत्नले आफ्ना प्रजाको परिपालन ।।२९।।

डा. दुर्गादत्तशर्मोपाध्यायरचितो राजमहिमा (राजगुणानुवर्णनानुवादः) सम्पूर्णः ।
शुभम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखकको परिचय

नाम-	दुर्गादत्तशर्मा उपाध्याय
जन्मस्थल-	जैदी गा.वि.स., वार्ड नं. १, बाग्लुङ्ग
जन्म मिति-	वि.सं. १९९६ चैत्र ३ गते
शिक्षा-	साहित्याचार्य, विद्यावारिधि (पीएच्. डी.)
वर्तमान आवास-	भरतपुर न.पा. वार्ड नं. १२, चितवन
विश्वविद्यालय सेवा-	२०३८/८/२४ देखि हालसम्म निरन्तर
कार्यालय-	वाल्मीकि विद्यापीठ, (भृकुटीमण्डप, प्रदर्शनीमार्ग, काठमाण्डू, नेपाल)
पद-	प्राध्यापक
कृति–	
ग्रन्थव्याख्यान-	लघुसिद्धान्तकौमुदीको सुबोधिनी नेपाली टीका म.सं.वि.बाट ५६ औं पुष्पको रूपमा प्रकाशित ।
ग्रन्थ सम्पादन-	म. सं. वि.को सम्पादक मण्डलमा रही 'कर्मकाण्डभास्करः', 'तन्त्रचिन्तामणिः', 'ब्रह्मसूत्रशाङ्करभाष्यम्' आदि दर्जनौं ग्रन्थहरू र 'ऋतम्भरा' पत्रिकाका कतिपय अङ्कहरू ।
रचनाहरू-	'शिव महिम्नःस्तोत्र'को र 'शिशुपालवध' द्वितीयसर्गको समच्छन्दी पद्यानुवाद र संस्कृत नेपाली भाषामा रचित विविध रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित एवं अरू अप्रकाशित रचनाहरू ।
विश्वविद्यालयीय कार्य-	प्राज्ञिक परिषद्, अनुसन्धान समिति, परीक्षा समिति आदि समितिमा रही काम गरेको । हाल विद्यावारिधिमा संलग्न कतिपय अनुसन्धाताहरूको विशेषज्ञ पदमा वर्तमान ।
विशेष अभिरुचि-	ग्रन्थ सम्पादन, शास्त्रीय अनुसन्धान आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal